मिति २०८१ फागुन २७ गते बसेको गाउँ कार्यपालिकाको आठौं बैठक

आज मिति २०८१/११/२७ गते मंगलबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आठौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष / का.वा. | पूर्णबहादुर महत / घनब.तिमल्सिना | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

**आमन्त्रीत उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |



CamScanner

मिति २०८१ फागुन २७ गते बसेको गाउँ कार्यपालिका आठौं बैठक

**गाउँ कार्यपालिकाको आठौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. सुनकोशी गाउँपालिकाको लैङ्गिक नीति, सुनकोशी गाउँपालिकाको विपद् प्रभावित निजी आवास, पुनर्निर्माण अनुदान कार्यविधि, २०८१ र क्याम्पस अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति वितरण मापदण्ड २०८१ सम्बन्धमा ।

३. CBR कार्यक्रमका लागि लागत साझेदारी सम्बन्धमा ।

४. राष्ट्रिय परिचयपत्रको दर्ताको लागि स्थल तथा जनशक्ति व्यबस्थापन सम्बन्धमा ।

५. शिर्षाकान्तर सम्बन्धमा ।

६. दुध प्रोस्साहन अनुदान कार्यक्रम सम्बन्धमा ।

७. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा अद्‌यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ पहिलो संशोधन सम्बन्धमा ।

८. दिवा शिशु आधारभूत विद्‌यालय सम्बन्धमा ।

९. सुनकोशी आधारभुत अस्पतालको अक्सिजन प्लान्ट सम्बन्धमा ।

१०. सुनकोशी आधारभुत अस्पतालमा कार्यरत डा. बविन कोइरालाको राजिनामा सम्बन्धमा ।

११. गृहणी महिला सशक्तिकरण कार्यक्रमको लागि लागत साझेदारी सम्बन्धमा ।

१२. विविध

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा विधायन समितिबाट स्वीकृतिको लागि पेश हुन आएका सुनकोशी गाउँपालिकाको लैङ्गिक नीति, सुनकोशी गाउँपालिकाको विपद् प्रभावित निजी आवास, पुनर्निर्माण अनुदान कार्यविधि, २०८१ र क्याम्पस अध्ययनरत विद्यार्थीको छात्रवृत्ति वितरण मापदण्ड २०८१ लाई स्वीकृत गरि राजपत्रमा प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा CBR कार्यक्रमको लागि अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन कार्यक्रम शिर्षकबाट लागत साझेदारी गरी कार्यक्रम गर्ने निर्णय गरियो ।

CamScanner

दिनेश प्रजापती
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ फागुन २७ गते बसेको गाउँ कार्यपालिकाको आठौं बैठक

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट यस आर्थिक बर्ष २०८१/०८२ को लागि विनियोजित बजेटबाट केही शीर्षकमा विनियोजन भए भन्दा बढी खर्च भइसकेको र केही शीर्षकमा खर्च हुन नसकेको अवस्थाका कारण कार्यालयको दैनिक कार्य सम्पादनमा समेत असर पुग्न सक्ने देखिएको साथै नया थप शिर्षकमा बजेट राख्नुपर्ने भएकोले देहाय बमोजिम खर्च हुन नसकेका शीर्षकबाट घटाई देहाय बमोजिम खर्च नपुग हुने शीर्षक तथा नया शिर्षकमा रकम थप गरी बजेट कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय

| क्र.सं. | विनियोजन बढी खर्च कम भएका | | | विनियोजन घटी खर्च बढी भएको/नया | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक | घटाउनु पर्ने रकम | घटाए पश्चात कायम हुने रकम | शीर्षक | थप गर्नु पर्ने रकम | थप पश्चात कायम हुने रकम | |
| १. | -नियमित प्रधानाध्यापक बैठक<br>-शिक्षा आवधिक योजना पुनरावलोकन कार्यक्रम<br>-गाउँपालिका स्तरीय अतिरिक्त कार्यक्रम संचालन तथा व्यवस्थापन | १,००,०००\|-<br>१,००,०००\|-<br>३,००,०००\|- | ०<br>०<br>१,००,०००\|- | खेलकुद विकास कार्यक्रम | ५,००,०००\|- | १८,५०,०००\|- | |
| २. | -सहकारी क्षमता विकास तथा अन्य कार्यक्रम<br>-पशुपन्छी सम्बन्धी विभिन्न तालिमहरु<br>-पशुपन्छिको समस्या पहिचान तथा उपचार | १,५०,०००\|-<br>१,००,०००\|<br>३,००,०००\|- | ०<br>०<br>० | कृषि उपज संकलन केन्द्र स्थापना | ५,५०,०००\|- | ५,५०,०००\|- | |
| ३. | सेवा तथा परामर्श खर्च | ५,००,०००\|- | १०,००,०००\|- | विपद् प्रभावित निजि आवास पुनर्निर्माण | ५,००,०००\|- | ५,००,०००\|- | |
| ४. | घर भाडा | १,२३,०४२\|- | २८,७६,९५८\|- | भुक्तानी दिन बाँकी योजनाहरु/ कार्यक्रमहरु | १,२३,०४२\|- | ५८,७३,०४२\|- | |
| ५ | पारिश्रमिक कर्मचारी | १८,००,०००\|- | २,६६,६३,६५०\|- | विद्यालय स्तरीय तथा गाउँपालिका स्तरीय त्रैमासिक र वार्षिक परीक्षा व्यवस्थापन तथा अन्य | १८,००,०००\|- | २९,५०,०००\|- | |
| ६. | सार्वजनिक जग्गा संरक्षण तथा नापजाँच | १,००,०००\| | ० | कालोखोला पाङ्ग्रेटार खानेपानी योजना | १,००,०००\| | १,००,०००\| | |

[illegible] प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यवस्थापन तथा अन्य | | | |
| ६. | सार्वजनिक जग्गा संरक्षण तथा नापजाँच | १,००,०००। | ० | कालोखोला पाइग्रेटार खानेपानी योजना | १,००,०००। | १,००,०००। | |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा दुधमा प्रोस्साहन अनुदान कार्यक्रम संचालनको लागि सूचना आह्वान भई आवेदन प्राप्त भएका सहकारी मार्फत संचालनमा रहेका डेरी र निजि डेरीहरु मार्फत दुध उत्पादक कृषकहरुको दुध संकलन गरि विक्रि गरे वापत डेरिहरु संग भएको तथ्याङ्कको आधारमा स्थानीय तहमा विनियोजित शशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमोजिम प्रतिलिटर रु. ५ (पाँच) का दरले प्रोस्साहन दिने निर्णय गरीयो ।

७. प्रस्ताव नं ७ माथि छलपल गर्दा विधायन समितिबाट स्वीकृतिको लागि पेश हुन आएको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा अद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को पहिलो संशोधन कार्यविधि २०८१ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा वडा नं ६ स्थित दिवा शिशु आधारभूत विद्यालयको शैक्षिक शत्र २०८२ को शुरुदेखी लागुहुने गरी कक्षा ५ बाट कक्षा समायोजन गरी कक्षा ३ सम्म कायम गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा सुनकोशी आधारभूत अस्पतालमा रहेको अक्सिजन प्लान्ट मर्मतको लागि विभिन्न स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य शिविर संचालन शिर्षकबाट रु २,७३,०००/- (अक्षरुपी रु दुई लाख त्रिहत्तर हजार मात्र) भ्याट सहित खर्च रकम वेहोर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा सुनकोशी आधारभुत अस्पतालमा कार्यरत डा. बविन कोइरालाले नियमित सेवा गर्न नसक्ने वेहोरा जनाउदै राजिनामा स्वीकृत गर्न दिएको निवेदन उपर छलफल गर्दा मिति २०८१/१२/०१ गते देखि लागुहुने गरी राजिनामा स्वीकृत गर्ने निर्णय गरीयो ।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा वागमती प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालयको गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागी विविध साझेदारी शीर्षकबाट कुल लागतको १५ प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ को विविध प्रस्ताव माथि छलफल गर्दा,

क) यस कार्यालयको कुमात्सु कम्पनीको बा १ ग ३४१७ नं को स्काभेटर मेसिन संचालन गर्नको लागि डोजर (Heavey duty exacavator) संचालन कार्यविधि, २०७५ बमोजिम सुनकोशी गाउँपालिका उपाध्यक्ष श्री कान्छी लामाको संयोजकत्वमा तपसिल बमोजिमको संचालक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री कान्छी लामा -संयोजक
२. श्री कुमार शाही -सदस्य
३. श्री पूर्ण बहादुर महत -सदस्य
४. श्री ईश्वर तामाङ -सदस्य
५. श्री भोजलाल श्रेष्ठ -सदस्य
६. श्री जाल बहादुर लामा -सदस्य
७. श्री चक्र बहादुर बस्नेत -सदस्य
८. श्री ईश्वर तिमल्सिना -सदस्य
९. श्री गोरख बहादुर खड्का -सदस्य सचिव

स्काभेटर संचालक समितिले अर्को निर्णय नगर्दासम्म हाल डोजर संचालनको लागि तपसिल बमोजिमको कार्यतालिका अनुसार डोजर संचालन गर्ने निर्णय गरियो ।

तपसिल:

१. वडा नं १ अन्तर्गत १० दिन (मिति:२०८१/११/२८ देखि २०८१/१२/०८ सम्म)
२. वडा नं २ अन्तर्गत १५ दिन (मिति:२०८१/१२/०९ देखि २०८१/१२/२३ सम्म)
३. वडा नं ३ अन्तर्गत २० दिन (मिति:२०८१/१२/२४ देखि २०८२/०१/१४ सम्म)
४. वडा नं ४ अन्तर्गत २० दिन (मिति:२०८२/०१/१५ देखि २०८२/०२/०५ सम्म)
५. वडा नं ५ अन्तर्गत ३० दिन (मिति:२०८२/०२/०६ देखि २०८२/०३/०६ सम्म)
६. वडा नं ६ अन्तर्गत ३० दिन (मिति:२०८२/०३/०७ देखि २०८२/०४/०६ सम्म)
७. वडा नं ७ अन्तर्गत २० दिन (मिति:२०८२/०४/०७ देखि २०८२/०४/२६ सम्म)

ख) गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायत शिर्षककबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | नाम थर | कारण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | देव कुमारी कार्की | हृदयघात | ५० हजार | |
| २. | शिव कार्की | मुटुमा समस्या | ५० हजार | |

CamScanner

ग) यस गाउँपालिकामा स्थानीय सडक मर्मत कार्यको लागि यस आर्थिक बर्षको लागि यस कार्यालयलले व्यहोर्नु पर्ने समपुरक रकम जि. स. स. सडक वोर्डसँग साझेदारी शीर्षकबाट व्यहोर्ने र सो का लागि देहाय बमोजिमको योजना छनौट गरी अनुमोदनको लागि लागत अनुमान संलग्न गरी सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो:

**देहाय**

| क्र.सं | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | बडरे सडक ढलान | ७ | ७ लाख | |
| २. | तामाङटोल सडक ढलान | ७ | १३ लाख | |

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नक्सा पास नगरी भवन निर्माण गर्न हुँदैन भन्ने व्यवस्था रहेकोमा सुनकोशी गाउँपालिकाले गाउँपालिकाभित्रका भूकम्प पीडित लाभग्राही भई तत्काल बसोबासको लागि घर बनाउनु पर्ने भइ घर निर्माण गरेको तथा विविध कारणले प्रचलित कानून बमोजिम घर नक्सा पास नगरी निर्माण भएका (सार्वजिनक बाटो वा संरचना, साँध सँधियारको जग्गा वा भवनलाई असर पर्ने गरी निर्माण भएको बाहेक) घर, भवन, कम्पाउण्ड, टहरा, गोदाम आदिको नक्सा एक पटकको लागि आगामी २०८१ फागुन मसान्तसम्म अभिलेखिकरण गर्ने भनि २०८१।०८।१९ को कार्यपालिकाबाट निर्णय भएकोमा अभिलेखिकरण गर्ने मिति परिमार्जन गरी २०८२ असार मसान्त सम्म गर्ने निर्णय गरियो ।

ङ) सुनकोशी गाउँपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्यचौकिहरुमा संचालनमा रहेको Arrow net pvt.ltd को ईन्टरनेटको विल भुक्तानी तपसिल बमोजिमका शिर्षकबाट गर्ने निर्णय गरीयो ।

तपसिल:

१. गाउँपालिका इन्टरनेट केवल व्यवस्थापन रु. १ लाख

२. ई-हाजिरी व्यवस्थापन रु. १ लाख

३. स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता रु. ३ लाख ७९ हजार

च) के.एण्ड.जे कन्स्टक्र्सनको गत आवको २०८०/८१ को धरौटी रकम रु. १,२३,०४२।- भुक्तानी दिन बाँकी शिर्षकबाट गाउँपालिकाको धरौटी खातामा जम्मा गरी भुक्तानी दिने निर्णय गरियो ।

दिकेश प्रजापती
प्रमुख प्रशासकीय अधिकृत

छ) आ.व २०८१/८२ को लागि संघीय शसर्त अनुदान अन्तर्गत बहुक्षत्रीय पोषण कार्यक्रमको सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन कार्यक्रम अनुदान रकम फुकुवा हुने चरणमा रहेको पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं मार्फत प्राप्त भएको र अनुदान रकम फुकुवा भएपछी सो अनुदान रकम वडा नं १ मा रहेका विपन्न पहरी महिलाको पोषण सुधारको लागि कार्यविधि बमोजिम अनुदान दिने निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष